# <u>विषय-सूची</u>


| क्र. सं. | विवरण | पाना नं. |
|---|---|---|
| **खण्ड (क) शारांस खण्ड** | | |
| १ | गा.वि.स. परिचय | १-३ |
| २ | जनसंख्या विवरण शारांस | ४ |
| ३ | आर्थिक स्थिति सम्बन्धी विवरण शारांस | ५ |
| ४ | घर परिवार सम्बन्धी विवरण शारांस | ६ |
| ५ | घर परिवारको भौतिक सुविधा सम्बन्धी विवरण शारांस | ७ |
| ६ | अन्य पारिवारीक स्थिति सम्बन्धी विवरण शारांस | ८ |
| ७ | शैक्षिक स्थिति सम्बन्धी विवरण शारांस | ९ |
| ८ | सार्वजनिक सेवाको पहुंच सम्बन्धी विवरण शारांस | १० |
| ९ | बसाई सराईको स्थिति सम्बन्धी विवरण शारांस (आ.ब. ०५९/६०) | ११ |
| **खण्ड (ख) .वडा स्तरीय बस्तुगत विवरण खण्ड** | | |
| १ | वडा नं. १ संग सम्बन्धी वस्तुगत विवरण | १२-१९ |
| २ | वडा नं. २ संग सम्बन्धी वस्तुगत विवरण | २०-३६ |
| ३ | वडा नं. ३ संग सम्बन्धी वस्तुगत विवरण | ३७-५० |
| ४ | वडा नं. ४ संग सम्बन्धी वस्तुगत विवरण | ५१-६३ |
| ५ | वडा नं. ५ संग सम्बन्धी वस्तुगत विवरण | ६४-८१ |
| ६ | वडा नं. ६ संग सम्बन्धी वस्तुगत विवरण | ८२-१०० |
| ७ | वडा नं. ७ संग सम्बन्धी वस्तुगत विवरण | १०१-११९ |
| ८ | वडा नं. ८ संग सम्बन्धी वस्तुगत विवरण | १२०-१४३ |
| ९ | वडा नं. ९ संग सम्बन्धी वस्तुगत विवरण | १४४-१५६ |

# रालुका गाविस एक परिचय

## परिचय

नुवाकोट जिल्लाको सुदुर उत्तर पूर्वमा अवस्थित ग्याङ्फेदी गाविस क्षेत्रफलको आधारमा जिल्लाकै ठूलो गाविस हो । जिल्लाभित्रको अति दुर्गम गाविसहरुमध्ये एक रहेको यो गाविस सदरमुकाम विदुरबाट १६.५ कोस टाढा पर्दछ । यस गाविसको सीमाना पूर्वमा सिन्धुपाल्चोक जिल्ला र पश्चिममा शिखरवेंशी गाविस, उत्तरमा रसुवा जिल्ला र दक्षिण्मा गाउंखर्क र राउतवेंशी गाविससंग जोडिएको छ ।

यस गाविसमा जातिय हिसाबले प्राय:गरी सबै शेर्पा र तामाङ् जातिको बसोवास रहेको छ भने २-४ घरमात्र अन्य जातिको बसोवास रहेको पाईन्छ ।

यस गाविसको नामाकरण सम्बन्धमा स्थानीय व्यक्तिहरुका अनुसार यस क्षेत्रभरीको सबैभन्दा ठूलो ग्याङ् (गुम्बा) यसै गाविसमा रहेको र गाविसको क्षेत्र यसै ठूलो ग्याङ्को फेदीमा रहेकोले गाविसको नाम ग्याङ्फेंदी रहेको भन्ने बताईन्छ । जिल्लाकै अति दुर्गम गाविसहरुमध्ये एक रहेकोले यो गाविस अधिकांश विकासका अवसरहरुबाट बन्चित रहेको र विकास निर्माणको स्थिती पनि कमजोर रहेको देखिन्छ साथै यो गाविस पैन्हो बाट समेत प्रभावित रहेको छ । जिल्लाकै सबैभन्दा अग्लो स्थानको रुपमा रहेको तीनचुली डांडाको टुप्पो (५१४४ मीटर) पनि यसै गाविसमा पर्दछ । यस गाविस सम्बन्धी केही विवरणहरुको संक्षिप्त झलक तल प्रस्तुत गरिएको छ ।

**जनसंख्या** (राजग २०५८ अनुसार)

- कूल जनसंख्या २७८९
- महिला १२९०
- पुरुष १४९९
- कूल घरधुरी संख्या ५५०

**(गाविसबाट गरिएको घरधुरी सर्भेक्षण २०६० अनुसार)**

- कूल जनसंख्या २२५०
- महिला १०११
- पुरुष १२३९
- कूल घरधुरी संख्या ४८९

**भौगोलिक बनावट:**

- सीमाना:
  - पूर्व सिन्धुपाल्चोक जिल्ला
  - पश्चिम शिखरबेंशी गाविस
  - उत्तर रसुवा जिल्ला
  - दक्षिण गाउंखर्क र राउतवेंशी गाविस
- सबैभन्दा अग्लो स्थानको उचाई: ५१४४ मिटर
- अधिकांश उच्च पहाडि भूमि रहेको ।

## सामाजिक अवस्था

- **जाति:** यस गाविसमा तामाङ् र शेर्पा जातिको बाहुल्यता रहेको छ । अन्य जातिहरुमा २-४ घरपरिवारमात्रको बसोवास रहेको पाईन्छ ।
- **भाषा:** यस गाविसमा प्रायजसो तामाङ् र शेर्पा भाषा बोलिन्छ ।
- **धर्मसंस्कृती, रीतिरिवाज:** यहांका बासिन्दाहरु बुद्ध धर्म प्रति आस्थावान छन् । गुम्बा, मठमा पूजा गर्दछन् । मान्छे मर्दा घेवा गर्ने चलन छ । हिन्दु परम्परा अनुसारको चाडपर्वहरु दशैं तिहार पनि मनाउने गर्दछन् ।

## शिक्षा

यस गाविसमा सार्वजनिक ५ वटा र निजी श्रोतबाट १ गरी जम्मा ६ वटा मात्र प्राथमिक विद्यालय रहेको छ । विद्यालयमा विद्यार्थी उपस्थिती न्यून रहेको छ । वडा नं.२, ३, ,५ र ९ मा विद्यालय नरहेको र पायक पर्ने विद्यालय पनि नजिक नभएकोले उक्त वडाका बालबालिकाहरु अध्ययन गर्नबाट बंचीत हुनु परेको देखिन्छ भने वडा नं. १ मा विद्यालय भएपनि विद्यार्थी उपस्थितीको अभावले विद्यालय राम्रोसंग चल्न नसकेको बताईन्छ । यस गाविसको साक्षरता दर १०.२१ प्रतिशत रहेको छ । जसबाट यहांको शैक्षिकस्तर ज्यादै कमजोर रहेको देखाउंछ । गाविसभित्र उच्च शिक्षा हासिल गर्ने ३ जना मात्र रहेको बताईन्छ।

## स्वास्थ्य

गाविसमा एउटैमात्र उप स्वास्थ्य चौकी रहेको छ । जसबाट यहांका जनताहरुले प्राथमिक स्वास्थ्य सेवा पाईरहेका छन् । तर प्राथमिक हिसाबले पनि यो पर्याप्त छैन । किनभने उक्त स्वास्थ्य चौकीमा औषधी, स्वास्थ्यकर्मी लगायत अन्य भौतिक पूर्वाधारको कमी रहेको छ । गाविसले उप स्वास्थ्य चौकी भवन निर्माणमा सहयोग गरेको छ । ठूला र गम्भिर प्रकृतीको विमारीमा जिल्लास्थित अस्पताल वा काठमाण्डौं जानुपर्ने स्थिती रहेको छ ।

## कृषि तथा पशुपालन

यहां अधिकांशत: मकै, कोदो, फापर खेती गरिन्छ । त्यसमा पनि चिसो मौसमको कारणले बर्षमा एक बाली मात्र उत्पादन हुने गर्दछ । यहां धान खेती हुने गरेको पाईंदैन । तरकारी खेतीमा प्रमुखरुपमा आलु खेती गर्ने गरेको पाईन्छ । त्यस्तै यहांका उत्तरी भेगका शेर्पा जातिहरुले चौंरी गाई, भेडा पालन मूख्यरुपमा गर्दछन् । चौरी गाईको दुधबाट घ्यू र भेडाबाट ऊनीको राडी पाखी उत्पादन गरी विक्री वितरण गर्दछन्

# वनपैदावार

यहांका जंगलमा गोब्रे सल्लो, खसु्र, लालीगुरांस, लोक्ता, धुपी जातका रुखहरु पाईन्छ । गाविसको धेरैजसो जंगल लाङ्टाङ् राष्ट्रिय निकुञ्जको मध्यवर्ती क्षेत्रमा पर्दछ । त्यस्तै यहांको जंगलमा पांचऔंले, यार्सागुम्बा, च्याउ आदि जडीबुटी पनि पाईन्छ ।

## प्रमुख नदी र कुण्ड

❖ प्रसिद्ध सूर्य कुण्ड यसै गाविसमा पर्दछ । यसै कुण्डको शिर भै तादी नदी बगेको छ ।

## पर्यटन

लाङ्टाङ हिमाल र गोसाईंकुण्ड जानका लागि धेरैजसो विदेशी तथा केही स्वदेशी पर्यटकहरु काठमाण्डौंको सुन्दरीजल चिसापानी हुंदै यस गाविसको हिमाली क्षेत्र मागेन गोठ, ठाडेपाटी, घोप्टेभिर, ग्यांचेफेदी र सूर्यकुण्डको बाटो गरी आवत जावत गर्छन् । यस क्षेत्रमा पर्यटकीय होटल व्यवसायहरु पनि संचालनमा रहेको छ । जसले गर्दा पर्यटन व्यवसायको सम्भावना राम्रो रहेको देखिन्छ ।

## भौतिक पूर्वाधार विकास

- सडक: यस गाविसलाई कुनैपनि प्रकारको सडकले छोएको छैन ।
- सिंचाइ: मौसमी सिंचाइमा भरपर्नुपर्ने ।
- खा.पा.: निजी धारा, सार्वजनिक धारा, मूल कुवा आदि प्रयोग गर्ने गरेको ।
- विद्युत: लघुजलविद्युतबाट १७१ घरधुरीमा विद्युतीकरण भएको छ । केन्द्रीय प्रसारणबाट विद्युतीकरण हुन सकेको छैन ।
- अन्य

## समस्या र अवसरहरू

## चेलीबेटी बेचविखन

जिल्लाकै सबभन्दा बढी चेली बेचबिखन भएको मध्ये यो गाविस पर्दछ । बढी चेली बेचबिखन भई AIDS जस्तो डरलाग्दो रोगको प्रकोप पर्नसक्ने यहांको समस्या हो । प्रायजसो १४-२२ बर्ष उमेरका चेलीहरु बेचविखनमा पर्ने गरेको देखिन्छ । यस गाविसका चेलीहरु भारतका विभिन्न शहरहरुमा करिब १२०० को हाराहारीमा देह व्यापारमा संलग्न रहेको पाईन्छ । कतिपयको AIDS रोगबाट मृत्यू भैसकेको छ । पहिलेको तुलनामा अहिले चेलीबेटी बेचविखन कम भएपनि अझै बार्षिक सरदर ६०-७० चेलीबेटीहरु दलालहरु मार्फत बेचिने गरेको पाईन्छ ।

❖ बिषम पहाडि भू-भाग एवं हावापानी भएकोले कृषि उत्पादनमा प्रतिकुलता ।

❖ ग्रामिण सडकले अहिलेसम्म छुन नसकेको ।

## अवसर

❖ पर्यटकीय स्थलहरु तथा पर्यटकहरु हिंड्ने बाटो यस गाविसमा रहेकोले पर्यटन व्यवसाय संचालन गर्न सकिने देखिन्छ ।